उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः७** **संख्याः ९** **मितिः २०८०/०९/२२**

## भाग-२

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०८०

**प्रस्तावना-** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ विशेष ऐनको रुपमा रहेको छ । नेपालको संबिधान, २०७२ को भाग ३ को धारा २९ मा उल्लिखित शोषण बिरुद्धको हकमा स्पष्ट उल्लेख गरिएको छ । स्थानीय सरकार

संचालन ऐन , २०७४ को दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्न सक्ने व्यवस्था गरे अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँपालिकास्तरीय तथा वडास्तरीय समिति गठन गर्न सक्ने व्यवस्था रहेकाले स्थानीयस्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै गाउँपालिकास्तरीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि उत्तरगया गाउँपालिकाद्धारा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि, २०८० तयार पारिएको हो ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०८० रहने छ ।

(२). यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ऐन भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ सम्झनुपर्दछ ।

(ख) नियमावली भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, सम्झनु पर्दछ ।

(ग) स्थानीय तह भन्नाले उत्तरगया गाउँपालिका सम्झनु पर्दछ ।

(घ) वडा कार्यालय भन्नाले उत्तरगया गाउँपालिकाका वडा नं १ देखि ५ सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) वडा समिति भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नका लागि उत्तरगया गाउँपालिका वडा नं १ देखि ५सम्मका सबै वडामा गठित समिति सम्झनु पर्दछ

(च) गाउँ समिति भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि गाउँपालिकास्तरमा गठन भएको समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २

## गाउँपालिकास्तरीय समिति

**३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाँउपालिकास्तरीय समितिको गठन देहाय बमोजिम हुनेछः**

(१)गाँउपालिकाको आयोजनामा स्थानीय महिला समूह, गाउँबाल सन्जाल, गाउँ बालसंरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयंसेविका तथा स्थानीय विद्यालयका शिक्षक शिक्षिका, स्थानीय प्रहरी आदिको उपस्थितिमा गाउँपालिकास्तरीय भेला गर्ने । उक्त भेला गाउँपालिकाको प्रमुखको अध्यक्षतामा बस्ने छ । सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी गाउँपालिकास्तरीय ंसमिति गठन गर्नेछ ।

**४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँपालिकास्तरीय समिति सम्वन्धी व्यबस्था देहाय बमोजिम हुनेछः** (१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०६५ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि उत्तरगया

गाउँपालिकामा देहाय बमोजिमको गाउँपालिकास्तरीय समिति रहनेछ ।

**गाउँपालिकास्तरीय समिति गठनः**

(१)संयोजक अध्यक्ष ( )

(२)सहसंयोजक न्यायीक समितिको संयोजक ( )

(३)सदस्य प्रमुख प्रशासकीय अधिकृत )

(४)सदस्य शिक्षा शाखा प्रमुख ( श्री )

(५)सदस्य प्रधानाध्यापक (श्री )

(६) सदस्य गाउँपालिकास्तरीय बालसंजाल संयोजक (श्री )

(७) सदस्य प्रमुख, स्वास्थ्य शाखा (श्री )

(८) सदस्य प्रधानमन्त्री रोजगार संयोजक( श्री )

(९) सदस्य श्री स्थानीय प्रहरी कार्यालय (श्री )

(१०) सदस्य कृषि शाखा (श्री )

(११)सदस्य पशुपन्छी शाखा (श्री )

(१२) सदस्य उद्योग वाणिज्य संघ (श्री )

(१३)सदस्य मानब बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा काम गर्ने गैससबाट (श्री )

(१४)सदस्य मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित (श्री )

(१५)सदस्य-सचिव महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख (श्री )

**५. गाउँपालिकास्तरीय समितिले कानूनी संरचनागत, कार्यविधिगत तथा अन्य आयश्यक विषयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति, बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायसंग समन्वय गर्नेछ ।**

## परिच्छेद - ३

**<u>गाउँपालिकास्तरीय समितिको  काम, कर्तव्य र अधिकार</u>**

**६. <u>गाउँपालिकास्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

(क)मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने,

(ग) पिडित/प्रभावित सहायताका लागि आवश्यक अन्तरनिकाय तथा अन्तर-स्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने ,

(घ) स्थानीयस्तरमा पिडित/प्रभावित सहायता तथा मानव बेचबिखन विरुद्दका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्दको कोष स्थापना र सञ्चालन गर्ने ।

(ङ) स्थानीय तहका पदाधिकारीहरु तथा सरोकारवालाहरु माझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

(च) स्थानीयस्तरमा कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।

(छ) प्रत्येक वडामा वडाअध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन विरुद्धको वडास्तरीय समिति गठन, परिचालन तथा सबलीकरण गर्ने ।

(ज) गाउँपालिकास्तरीय समितिको बैठक बार्षिक न्युनतम २ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

(झ) गाउँपालिकामा रहेका रोजगार प्रवर्धन, महिला विकास, बालअधिकार प्रवर्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने ।

## परिच्छेद - ४

## वडास्तरीय समिति

**७. <u>मानव बेचबिखन विरुद्दको वडास्तरीय समितिको गठन देहाय बमोजिम हुनेछः</u>**

(१) वडाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह बाल क्लब, स्थानीय पत्रकार, समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयंसेविका तथा स्थानीय विद्यालयका शिक्षक शिक्षिका, स्थानीय प्रहरी आदिको उपस्थितिमा वडास्तरीय भेला गर्ने । उक्त भेला वडाअध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी वडास्तरीय ंसमिति गठन गर्नेछ ।

**८. <u>वडास्तरीय समिति सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः</u>**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिति उप-समितिहरुको गठन गर्नसक्ने ब्यवस्था रहेको र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि उत्तरगया गाउँपालिकाले प्रत्यक वडामा देहाय बमोजिमको वडास्तरीय समिति गठन गर्नेछ ।

तपसिलः

(१) संयोजक - वडा अध्यक्ष

(२) सदस्य - महिला प्रतिनिधि

(३) सदस्य - सिमान्तकृत तथा दलित समुदायबाट महिला

(४) सदस्य - महिला समुह/किशोरी समुह

(५) सदस्य - बाल क्लब

(६) सदस्य - प्रधानाध्यापक, स्थानीय तह भित्रका सबैभन्दा उच्च तहको विद्यालय

(७) सदस्य - प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र

(८) सदस्य - स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना

(९) सदस्य - मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बन्धित स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म)।

(१०) सदस्य-सचिव - शाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकाससँग सम्बन्धित शाखा

## परिच्छेद - ५

## वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार

**९. वडास्तरीय मानव बेचबिखन विरुद्दको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) आफनो कार्यक्षेत्र भित्र पिडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पिडित सहायताका लागि आवश्यक अन्तरनिकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने,

(ग) स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माम्क मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने,

(घ) वडास्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

**१०. गाउँपालिकास्तरीय समिति गठनमा लैङ्गिक समावेशिता कायम गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम गठन गरिने वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति

तथा गाउँपालिकास्तरीय समितिमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका वर्गको समेत सहभागिता हुने व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद–६

## विविध

**११. व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यन्वयनको सिलसिलामा कुनै द्धिविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँपालिकाको कार्यपालिकालाई हुनेछ ।

**१२.संशोधन गर्न सक्नेः** यस कार्यविधिलाई उत्तरगया गाउँपालिकाको कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१३. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** गाउँपालिकाले यो कार्यविधि लागु हुनुभन्दा अघि मानव बेचबखिन तथा ओसारपसार नियन्त्रण सम्बन्धी गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा मानव बेचबखिन तथा ओसारपसार नियन्त्रण सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भए बमोजिम प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

१४. **खारेजी तथा बचाउः** मानव बेचबखिन तथा ओसारपसार नियन्त्रण सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले**

**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**



उत्तरगया गाउँपालिका लहरेपौवा, रसुवाद्वारा प्रकाशित मूल्य रु. १० ।